आज मिति २०७७।०१।२८ गते प्रमुख जिल्ला अधिकारी श्री यज्ञराज वोहराज्यूको अध्यक्षतामा तपसिलमा उल्लेखित पदाधिकारीहरुको उपस्थितिमा वसेको जिल्ला संकट व्यवस्थापन केन्द्र कैलालीको वैठक वसी देहाय वमोजिमको निर्णय गरियो।

**उपस्थिति**

| | |
|---|---|
| प्रमुख जिल्ला अधिकारी | श्री यज्ञराज वोहरा |
| मेडिकल सुपरिटेण्डेण्ट | डा. हेमराज पाण्डे |
| सहायक प्रमुख जिल्ला अधिकारी | श्री मोहनराज जोशी |
| प्रमुख सेनानी | श्री विकास के सी |
| प्रहरी उपरीक्षक | श्री अनुपम शमशेर जवरा |
| सशस्त्र प्रहरी उपरीक्षक | श्री कमल प्रसाद तिउसिना |
| उप-अनुसन्धान निर्देशक | श्री विकास पाण्डे |

**आमन्त्रिय**

| | |
|---|---|
| प्रहरी नायव उपरीक्षक | श्री दक्ष कुमार वस्नेत |
| प्रशासकीय अधिकृत | श्री शिवराज जोशी |

**निर्णय**

गृह मन्त्रालयको च.नं. ३७३५ मिति २०७७।०१।२५ गतेको पत्रसाथ प्राप्त नेपाल सरकार (म.प.) को मिति २०७७।०१।२४ को वैठकका निर्णयहरुलाई स्वास्थ्य सुरक्षाका मापदण्ड पालना गर्दै सामाजिक दुरी कायम गराई प्रभावकारी रुपमा कार्यान्वयन गर्न निम्न बमोजिम निर्णय गरियो।

१. खाद्यान्न, कृषि तथा पशुपन्छीजन्य उत्पादन लगायत अत्यावश्यक वस्तुहरुको विक्रि वितरणको लागि सम्बन्धित स्थानीय तह तथा उद्योग वाणिज्य संघको समन्वयमा निश्चित समय निर्धारण गरी गराई कार्यान्वयन गर्ने। साथै सो को लागि सेवा प्रदायकले अनिवार्य रुपले विक्रि स्थलमा सेनिटाईजेशन, मास्क तथा ग्लोवको प्रयोग, क्रेता तथा विक्रेता र क्रेता-क्रेताबिचको सामाजिक दूरी कायम राख्ने समुचित व्यवस्था मिलाउनु पर्नेछ।

२. उक्त लकडाउनको अवधिमा औषधी, स्वास्थ्य सामग्रीजस्ता अत्यावश्यक वस्तुको उत्पादन तथा विक्री वितरण, खाद्य वस्तु लगायतका कृषि तथा पशुपन्छीजन्य उत्पादन तथा विक्री वितरण, औषधी, स्वास्थ्य सामग्रीजस्ता अत्यावश्यक वस्तुको उत्पादन तथा विक्री वितरण, औद्योगिक वस्तुको उत्पादन तथा विक्री वितरण, विकास आयोजनाहरूको सञ्चालनको लागि आवश्यक पर्ने ढुङ्गा-गिट्टी, बालुवा लगायतका निर्माण सामग्रीको ढुवानी र न्यूनतम बैंकिङ तथा वित्तीय सेवालाई सुचारु गर्न स्वास्थ्य सुरक्षाका मापदण्ड पालना गराई, सामाजिक दूरी कायम गरी/गराई देहाय बमोजिमका क्रियाकलापहरू सञ्चालन गर्ने/गराउने व्यवस्था मिलाउने।

३. आवश्यकता अनुसार अनिवार्य रुपमा पूर्व निर्धारित स्वास्थ्य सुरक्षाको मापदण्द र सामाजिक दुरी कायम गरी/गराई सञ्चालन गर्ने।

| सि.नं. | क्रियाकलाप | समय | कैफियत |
|---|---|---|---|
| क | ➢ जनक शिक्षा सामग्री केन्द्र लिमिटेडबाट पाठ्यपुस्तक विक्रीको अनुमति लिएका पुस्तक पसल<br>➢ कृषि तथा पशुपन्छी (माछा/कुखुरा/अण्डा, फलफूल, तरकारी, दूध र दुग्धजन्य)सम्वन्धि कार्यको संकलन, भण्डारण र ढुवानी<br>➢ कृषि सामग्री, रासायनिक एवं प्राङ्गारिक मल बोकेका ढुवानीका साधनहरू | विहान ६ देखि विहान ९ वजेसम्म | |



Scanned with CamScanner

| सि.नं. | क्रियाकलाप | समय | कैफियत |
|---|---|---|---|
| ख | ➢ शीत भण्डारण सम्वन्धि कार्य<br>➢ स्वास्थ्य सेवासम्बन्धी सामाग्री संकलन, भण्डारण र ढुवानी सम्वन्धित कार्य<br>➢ औद्योगिक कच्चा पदार्थहरू र तयारी मालवस्तु बोकेका ढुवानीका साधनहरू<br>➢ विकास आयोजनामा प्रयोग हुने उपकरणहरू लाने/ल्याउने कार्य र निर्माण सामग्रीहरू बोकेका ढुवानीका साधनहरू (गिट्टी वालुवा वाहेक)<br>➢ विद्यालयका पाठ्यपुस्तकको ढुवानीगर्ने प्रयोजनका लागि जनक शिक्षा सामग्री केन्द्र लिमिटेडबाट अनुमति लिएका ढुवानीकासाधनहरू | वेलुका ७ वजे देखि विहान ६ वजेसम्म | |
| ग | ➢ खाद्यवस्तु र अन्य बाली लगाउने तथा पाकेको बाली भित्र्याउने कार्य, नर्सरीबाट बिरुवा उत्पादन, घाँस तथा दाना उत्पादनलगायत कृषि कार्य, कृषि बिउ-बिजन उत्पादन, | आवश्यकता अनुसार स्वास्थ्य सुरक्षाको मापदण्द र सामाजिक दुरी कायम गरी/गराई सञ्चालन गर्ने | स्थानीय तह र स्थानीय प्रहरी ईकाइसँग समन्वय भए अनुसार |
| घ | ➢ सरकारी तथा निजी क्षेत्रबाट सञ्चालित स्वास्थ्य संस्थाहरू, अस्पताल, नर्सिङ्ग होम, पोलिक्लिनिक, ल्याब, डाइग्नोष्टिक सेन्टरहरूको सञ्चालन । सबै प्रकारका खोप लगायतका अत्यावश्यक सेवाहरूको सञ्चालन, औषधी तथा स्वास्थ्य सामग्री र मेडिकल अक्सिजनको उत्पादन तथा विक्री वितरण, औषधी पसलहरू (आयुर्वेद, होमियोप्याथिकसमेत) को सञ्चालन, एग्रोभेट र भेटेरिनरी औषधी पसलहरूको सञ्चालन र तत् सम्बन्धी सेवा<br>➢ पानी, ग्याँस, पेट्रोलियम पदार्थ बोकेका ढुवानीका साधनहरू।<br>➢ एम्बुलेन्स सेवा<br>➢ नदी नियन्त्रणका कार्यहरू | | |
| ङ | ➢ भन्सारबाट जाँचपास भई आएका, उद्योग प्रतिष्ठानबाट लोड लिई मालसामान बोकेका र मालसामान गन्तव्यमा पुऱ्याई फर्किने ढुवानीका साधनहरू | आवश्यकता अनुसार | भन्सार जाँचपास र भन्सार कार्यालयको पत्र वमोजिम |
| च | ➢ राष्ट्रिय गौरवका आयोजनाहरू, सरकारी तथा निजीस्तरबाट सञ्चालित जलविद्युत आयोजना, सिँचाइ आयोजना, खानेपानी आयोजना, विमानस्थल, सडक तथा पुल, सरकारी भवन निर्माण तथा प्रबलीकरण गर्ने कार्य र अन्य सहरी पूर्वाधार विकास निर्माणका कामहरू (एक स्थानमा एकपटकमा अधिकतम १० (दश) जनामा नबढ्ने गरी सञ्चालन गरिने)<br>➢ चामल, दाल, तेल, चिउरा, चिनी, विस्कुट, पाउरोटी, पिठो, चाउचाउजस्ता दैनिक उपभोग्य खाद्यवस्तु, पानी प्रशोधन, औषधी, स्वास्थ्य सामग्री, साबुन उत्पादन र | आवश्यकता अनुसार स्वास्थ्य सुरक्षाको मापदण्द र सामाजिक दुरी कायम गरी/गराई सञ्चालन गर्ने | सम्बन्धित व्यवसायीले आबास तथा खाना/खाजाको खर्च समेतको सवै व्यवस्था गर्ने गरी तोकिएको सर्त अनुसार स्वास्थ्य सुरक्षा सम्वन्धि मापदण्डको समेत अनुसरण गर्ने गरी। |

Scanned with CamScanner

| सि.नं. | क्रियाकलाप | समय | कैफियत |
|---|---|---|---|
| | सोको प्याकेजिङ्ग सामग्री उत्पादन गर्ने उद्योगहरू<br>➤ ग्याँस बोटलिङ्ग, घरेलु तथा साना उद्योगहरू, निर्यातजन्य र विशेष आर्थिक क्षेत्रमा सञ्चालित उद्योगहरू र सिमेन्ट, डण्डीजस्ता निर्माणजन्य उद्योगहरू | | |
| छ | ➤ बैंक तथा वित्तीय संस्था, बीमा, धितोपत्र, सहकारीमार्फत् अति आवश्यकीय सेवा प्रवाह गर्नुपर्ने कार्यका लागि आवश्यक पर्ने कर्मचारीमध्ये एक तिहाई कर्मचारीद्वारा सेवा सञ्चालन गर्ने। | नेपाल राष्ट्र वैक धनगढी शाखासँग समन्वय गरी समय निर्धारण गर्ने | |
| ज | ➤ अति आवश्यकीय सेवा प्रदान गर्ने सरकारी कार्यालय तथा सार्वजनिक संस्थानहरूमा अति आवश्यक पर्ने न्यूनतम कर्मचारीहरूलाई आलोपालो मिलाई तोकिएका स्वास्थ्य सुरक्षासम्बन्धी मापदण्डको अनुशरण गरी कार्यालय सञ्चालन गर्ने<br>➤ बढीमा ५ जनासम्म कामदार रहने गरी सवारी साधनहरूको मर्मत गर्ने वर्कशप, इन्टरनेट जडान र मर्मत, प्लम्बिङ् तथा इलेक्ट्रिकल सेवा र पेट्रोल पम्प सञ्चालन | आवश्यकता अनुसार स्वास्थ्य सुरक्षाको मापदण्द र सामाजिक दुरी कायम गरी/गराई सञ्चालन गर्ने | |

पुनश्चः-

- सम्बन्धित रोजगारदाता, स्थानीय तह, सेवा प्रदायक, स्थानीय प्रशासनले आवागमन सहजीकरण गर्ने, सामाजिक दूरी कायम गराउने, अनिवार्य रूपमा मास्क प्रयोग गर्ने, तापक्रम मापन गर्ने, स्यानिटाइजर र ग्लोब्सहरूको प्रयोग गर्ने, विद्युतीय माध्यमबाट भुक्तानी गर्ने। नगद कारोबार गर्दा खुद्रा पैसाको लेनदेन कम हुने गरी गर्ने। एक ठाउँमा पाँचजना भन्दा बढी व्यक्ति जम्मा नहुने व्यवस्था मिलाउने।
- माथि जुनसुकै कुरा लेखिएको भए तापनि अर्को आदेश वा सूचना जारी नभएसम्म देहायका स्थान/स्थलहरू बन्द रहनेछन् र देहायका क्रियाकलापहरू सञ्चालन गर्न पाइने छैन-

(क) विश्वविद्यालय, क्याम्पस, विद्यालयलगायत सवै प्रकारका शैक्षिक संस्था, तालिम तथा प्रशिक्षण केन्द्रहरू।

(ख) गैरखाद्य वस्तु विक्री गर्ने व्यावसायिक मल, सिनेमा हल, पार्टी प्यालेस, फनपार्कलगायतका सार्वजनिक स्थलहरू।

(ग) सार्वजनिक जमघट, धार्मिक स्थलहरू (मन्दिर, गुम्बा, मस्जिद, चर्च, गुरुद्वारा आदि) मा हुने भेला एवं धार्मिक तथा सांस्कृतिक कार्यक्रमहरू।

(घ) रङ्गशाला, खेलकुद स्थल, फुटसल, शारीरिक सुगठन गर्ने स्थल तथा जिमखाना, फिटनेस सेन्टर, सैलुन, व्युटीपार्लरहरू।

(ङ) होटल, वार, रेष्टुरेण्टहरू।

(च) स्थानीय प्रशासनबाट सवारी पास पाएका बाहेक सवै प्रकारका यात्रुबाहक सवारी साधनहरू।

(छ) १२ वर्ष मुनिका बालबालिका, अशक्त भएका व्यक्ति, विरामी, ७० वर्ष पूरा भएका ज्येष्ठ नागरिक र गर्भवती महिलाहरूको आवतजावत तथा हिँडडुलका गतिविधिहरू।

(ज) आन्तरिक तथा अन्तर्राष्ट्रिय व्यवसायिक यात्रुबाहक हवाई उडान। केवलकार सेवा र रेलवे सेवा .

- विकास आयोजना सञ्चालनको हकमा उच्चस्तरिय समन्वय समितिको १६ औ वैठकको निर्णय र मन्त्रिपरिषद्को २०७७।०१।२४ को निर्णयमा उल्लेखित सर्तहरु पुरा गरि गराई स्वास्थ्य सुरक्षाका मापदण्ड

Scanned with CamScanner